# तारकेश्वर नगरपालिका नगर प्रहरी व्यवस्थापन ऐन, २०७६

**प्रमाणीकरण मिति**

२०७६।०३।०९

संशोधन गर्ने ऐन

१. नगर प्रहरी व्यवस्थापन (पहिलो संशोधन) ऐन, २०७८        २०७८।०३।११

**प्रस्तावना** : तारकेश्वर नगरपालिका क्षेत्रभित्र प्रचलित कानून तथा समय समयमा हुने निर्णय, नियम, मापदण्ड तथा प्रशासनिक आदेशहरुको कार्यान्वयनमा सहयोग र सहजीकरण गर्न, सार्वजनिक तथा निजी सम्पत्तिको सुरक्षा र संरक्षण गरी नगरपालिकामा कानूनको शासन स्थापित गर्दै नागरिकलाई न्याय, सुरक्षा तथा व्यवस्थाको प्रत्याभूत गर्न, बजार क्षेत्रको प्रभावकारी व्यवस्थापन गर्न नगरक्षेत्र भित्रका प्राकृतिक तथा सांस्कृतिक साधन श्रोत र सम्पदाको संरक्षण र सम्वर्द्धन गर्न तथा जुनसुकै बेला आउन सक्ने विपद् र अन्य आकस्मिक घटनाहरुको तत्काल सम्बोधन र समन्वय गरी नागरिकको जीउ धनको सुरक्षा गर्दै नगरबासीलाई स्थानीय सरकारको अनुभूती प्रदान गर्नको लागि नगर प्रहरीको गठन, सञ्चालन तथा व्यवस्थापन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा ५७ (४) र २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (१) बमोजिम तारकेश्वर नगरपालिकाको पाँचौ नगर सभाले यो ऐन बनाई कार्यान्वयनमा ल्याएको छ।

## परिच्छेद–१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "तारकेश्वर नगरपालिका नगर प्रहरी व्यवस्थापन ऐन, २०७६" रहेको छ।

(२) यो ऐन नगर सभाद्वारा पारित गरेपछि स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागू हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "ऐन" भन्नाले तारकेश्वर नगरपालिकाको नगर प्रहरी व्यवस्थापन ऐन, २०७५ लाई सम्झनु पर्दछ।

(ख) "नगरपालिका" भन्नाले तारकेश्वर नगरपालिकालाई सम्झनु पर्दछ।

(ग) "सभा" भन्नाले नगरपालिकाको नगर सभा सम्झनु पर्दछ।

(घ) "प्रमुख" भन्नाले नगरपालिकाको प्रमुखलाई सम्झनु पर्दछ।

(ङ) "उप-प्रमुख" भन्नाले नगरपालिकाको उप-प्रमुखलाई सम्झनु पर्दछ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

## परिच्छेद–२

## नगर प्रहरी सेवा गठन, रेखदेख र नियन्त्रण

३. **नगर प्रहरी सेवाको गठन** : (१) नगरपालिकामा एक नगर प्रहरी सेवा रहने छ। नगर प्रहरी सेवाको गठन र त्यसमा रहने नगर प्रहरी कर्मचारीको संख्या कार्यपालिकाले समय समयमा निर्धारण गरे बमोजिम हुनेछ।

(२) नगर प्रहरी अधिकृत र जवानहरुको सेवाको अन्य शर्त कार्यपालिकाले समय समयमा निर्धारण गरे बमोजिम हुनेछ।

(३) नगर प्रहरीको रेखदेख, नियन्त्रण र निर्देशन गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ। कार्यपालिका र प्रमुख प्रशासकीय अधिकृतको आदेश र निर्देशन पालन गर्नुपर्ने प्रत्येक नगर प्रहरी कर्मचारीको कर्तव्य हुनेछ।

४. **नगरपालिकामा रहने नगर प्रहरीको पद र तह** : (१) नगरपालिकामा रहने नगर प्रहरीको पद र तह कार्यपालिकाले तोके बमोजिमको हुनेछ।

(२) नगरकार्यपालिकाले प्रत्येक पदको कार्य विवरण बनाउनेछ र त्यस्तो कार्य विवरणमा सम्बन्धित पदको काम, कर्तव्य, उत्तरदायित्व तथा अधिकार समेत उल्लेख गरिनेछ।

(३) नगर प्रहरी प्रमुख लगायत नगर प्रहरी कर्मचारीहरुको काम, कर्तव्य र अधिकार दफा (५) बमोजिम हुनेछ।

## परिच्छेद–३

## नगर प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार

५. **नगर प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार** : (१) नगर प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) नगरपालिकाको नीति, कानून, मापदण्ड तथा निर्णय कार्यान्वयन,

(ख) नगरपालिकाको सम्पत्तिको सुरक्षा र संरक्षण,

(ग) नगरमा हुने सभा समारोह, परम्परा तथा जात्रा, चाडपर्वको सुरक्षा, व्यवस्थापन,

(घ) नगरको बजार तथा पार्किङ्ग स्थलको रेखदेख र व्यवस्थापन,

(ङ) न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णयको कार्यान्वयन,

(च) सार्वजनिक, ऐलानी र प्रति जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा,

(छ) विशेष गरी नगरपालिकाको वडा क्षेत्रहरुमा हुने आगलागीका घटना नियन्त्रण गर्ने कार्यमा उपलब्ध जनशक्ति, दमकल र अन्य श्रोत साधन सहित तत्काल परिचालन हुने,

(ज) अन्य विपद् व्यवस्थापन सम्बन्धी घटनाहरुमा परिचालन भई तत्काल खोजी, उद्धार, राहत तथा पुनर्स्थापना कार्यमा सक्रिय भूमिका निर्वाह गर्ने,

(झ) अनाधिकृत विज्ञापन तथा होर्डिङ्ग बोर्ड नियन्त्रण,

(ञ) छाडा पशु चौपायाको नियन्त्रण गर्ने तथा मरेका जीवजन्तु समयमै गाड्न लगाउने,

(ट) अनाधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण,

(ठ) वडाको सुरक्षार्थ आवश्यक व्यवस्था मिलाउने,

(ड) सार्वजनिक आवागमनमा बाधा पुऱ्याई राखेका निर्माण सामाग्री पसल व्यवसायबाट भएको अवरोध हटाउन लगाउने नमानेमा आफै हटाई हटाउन लाग्ने खर्च सम्बन्धित व्यक्तिबाट असूल उपर गर्न पेश गर्ने ।

(ढ) स्वास्थ्यका लागि हानिकार चिज तथा सडेगलेको खाद्य पदार्थ विक्रि वितरणमा रोक लगाउने । तोकिएको मापदण्ड विपरित सडेगलेका हानिकार चिज वस्तु विक्रि गरेको पाईएमा पहिलो पटक भए जफत गरी गाड्न लगाउने । पटक पटक यस्तो कार्य दोहोरिएमा जरिवाना गर्न वा पसल बन्द गराउन राय साथ पेश गर्ने ।

(ण) रोगी वा कानूनले निषेध गरेका पशुपंक्षी, जीवजन्तुहरु काटमार गर्न नदिने र त्यस्ता पशुपंक्षी जीवजन्तुका मासु बिक्रि वितरणमा रोक लगाउने । अटेर गरेममा जफत गरी नष्ट गर्ने साथै जरिवाना समेत गर्न राय साथ पेश गर्ने ।

(त) खतरा उत्पन्न हुने रुख काट्न लगाउने । जोखिमपूर्ण घर पर्खाल भए सोको लिखित प्रतिवेदन पेश गर्ने र भत्काउन आदेश भए भत्काउने ।

(थ) वडा समिति, टोल सुधार समिति, तथा सामुदायिक प्रहरीसँगको सहकार्यमा सरसफाई, सुरक्षा र सामाजिक विकृति हटाउने कार्य गर्ने गराउने ।

(द) ईजाजत विना पेशा, व्यवसाय गरेको फेला परेमा पेशा व्यवसायको दर्ता/नवीकरण गर्न लगाउने ।

(ध) नापतौलका सामाग्रीको चेक जाँच गर्ने, पसल व्यवसायमा मूल्य सूचि राख्न लगाउने तथा चेक गर्ने ।

(न) होटल, रेष्टुरेन्ट, गेष्ट हाउस, मसाज पार्लर जस्ता गतिविधिहरुको निरीक्षण गर्ने मापदण्ड अनुरुप नचलेको पाईएमा कारवाहीको लागि पेश गर्ने ।

(प) नगरपालिका क्षेत्रभित्र सार्वजनिक स्थलमा जादु, सर्कस जुवा लगायतका विकृतीजन्य क्रियाकलापमा रोक लगाउने ।

(फ) नगरपालिकाको निर्णय अनुसार अस्थायी प्रकृतिका बजार व्यवस्था गर्ने, त्यस्तो व्यापारीहरुको लगत राख्ने ।

(ब) अरुलाई बाधा पुग्ने गरी लाउड स्पिकर रेडियो अथवा ध्वनी उत्पादन गर्ने अन्य उपकरण प्रयोग गर्न नदिने ।

(भ) नगरपालिका अन्तर्गतका शाखा, उपशाखा तथा आयोजनाबाट कार्यान्वयनका लागि प्राप्त भएका आदेश तथा निर्देशन कार्यान्वयन गरी सोको विवरण तोकिएको समय भत्रि उपलब्ध गराउने ।

(म) माथि तोकिए बमोजिमका कार्यहरु समन्वय गरी जिम्मेवारी लिई जवाफदेहिता समेत बहन गर्ने ।

(य) कार्यपालिकाले तोकेको अन्य कार्य गर्ने ।

## परिच्छेद–४

## तह विभाजन र पदपूर्ति

६. **पद सिर्जना तथा दरवन्दी खारेज** : नगर प्रहरी कर्मचारीको पद सिर्जना तथा दरवन्दी खारेज देहाय बमोजिम हुनेछ ।

(क) नगरपालिकामा रहने नगर प्रहरीको विभिन्न तहका दरबन्दीहरुको सिर्जना तथा खारेजी कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

(ख) दरबन्दी सिर्जना तथा खारेजीका लागि प्रस्ताव पेश गर्नु भन्दा अघि सो पद सिर्जना गर्नुपर्ने कारण, प्रस्तावित पदले गर्नुपर्ने कामको विवरण, मौजुदा दरबन्दीले थप गरेको कार्यबोझ सक्ने/नसक्ने अवस्था,

आर्थिक क्षमता तथा प्रस्तावित पदले संगठनात्मक स्वरुपमा पार्ने प्रभाव स्पष्ट गरी कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ।

(ग) आवश्यकता अनुसार कार्यपालिकाले निर्णय गरी प्रचलित कानुन बमोजिम संस्थागत सेवा करार मार्फत नगर प्रहरीको सेवा लिन सक्नेछ।

(घ) नगर प्रहरी पद स्थायी हुने छैन।

(ङ) वडा कार्यालयहरुमा समेत नगर प्रहरीको क्रमशः व्यवस्था गरिनेछ।

७. **नगर प्रहरीहरुको शुरु नियुक्ति हुने पदहरु** : नगर प्रहरीको देहायका पदहरु खुल्ला प्रतियोगिताद्वारा पूर्ति गरी नियुक्ति हुनेछ र अरु पदहरुमा बढुवाद्वारा पूर्ति गरिनेछ।

(क) नगर प्रहरी निरीक्षक

(ख) नगर प्रहरी सहायक निरीक्षक

(ग) नगर प्रहरी हवलदार

(घ) नगर प्रहरी जवान

८. **नियुक्ति गर्ने अधिकारी** : पदपूर्ति समितिको सिफारिसमा छनौट भएका नगर प्रहरीलाई कार्यपालिकाको निर्णय बमोजिम प्रमुख प्रशासकीय अधिकृतले करारमा नियुक्ति गर्नेछ।

९. **खुल्ला प्रतियोगितामा भाग लिन सक्ने व्यक्तिहरु** : खुल्ला प्रतियोगितामा भाग लिन सक्ने व्यक्तिहरुको योग्यता देहाय बमोजिमको हुनेछ।

(क) नगर प्रहरी निरीक्षक पदको लागि हुने खुल्ला प्रतियोगिताको योग्यता अनुसूची १ बमोजिम हुनेछ।

(ख) नगर प्रहरी सहायक निरीक्षकको पदको लागि हुने खुल्ला प्रतियोगिताको योग्यता अनुसूची २ बमोजिम हुनेछ।

(ग) नगर प्रहरी हवलदार पदको लागि हुने खुल्ला प्रतियोगिताको योग्यता अनुसूची-३ बमोजिम हुनेछ।

(घ) नगर प्रहरी जवान पदको लागि हुने खुल्ला प्रतियोगिताको योग्यता अनुसूची ४ बमोजिम हुनेछ।

१०. **पदपूर्ति समिति** : (१) पदपूर्ति समिति देहाय बमोजिम हुनेछ।

(क) नगर प्रमुख -संयोजक

(ख) प्रहरी नायव उपरिक्षक वा सो भन्दा माथिको कार्यपालिकाले तोकेको वहालवाल

वा सेवा निवृत्त मध्येबाट एक जना -सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिमा पदपूर्ति समितिले आवश्यकतानुसार विषय विज्ञहरुलाई आमन्त्रण गर्न सक्नेछ।

११. **पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार** : पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ।

(क) दफा ७ बमोजिम पदपूर्तिको लागि पाठ्यक्रम निर्धारण गर्ने,

(ख) खुल्ला प्रतियोगिताको लागि पाठ्यक्रम निर्धारण गर्ने,

(ग) पदपूर्ति कार्यतालिका बनाउने,

(घ) परीक्षाको किसिम तोक्ने,

(ङ) परीक्षा सञ्चालन तथा नतिजा प्रकाशन गर्ने,

(च) नियुक्तीका लागि सिफारिस गर्ने,

(छ) लोक सेवा आयोगबाट स्वीकृत प्रहरी सेवाको पदमा नियुक्ती र बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तमा पदपूर्ति समितिले गर्ने भनी तोकिएका पदपूर्तिसँग सम्बन्धित अन्य कार्य गर्ने,

(ज) पदपूर्ति समितिले नगर प्रहरी सेवा समूहको लागि करारमा खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गर्ने सम्बन्धमा आवश्यकता अनुसार कार्यविधि बनाउन सक्नेछ।

१२. **योग्यताक्रम सूची तयार गर्ने** : योग्यताक्रम सूची देहाय बमोजिम गरिनेछः-

(क) उम्मेदवारहरुले प्राप्त गरेको अंकको आधारमा योग्यताक्रम सूची तयार गरी पदपूर्ति समितिले नियुक्तिका लागि सिफारिस पेश गर्नेछ। कूल रिक्त पदको बढीमा १५ प्रतिशतसम्म योग्यताक्रमानुसार वैकल्पिक उम्मेदवार राखिनेछ।

♦(ख) सिफारिस गरिएका व्यक्तिहरुलाई पदपूर्ति समितिले नियुक्ति गर्ने अधिकारी समक्ष करार संझौता/सेवा कारारका लागि पेश गर्नेछ।

(ग) नियुक्तिको लागि सिफारिस भएको मितिले पैंतीस (३५) दिनभित्र कार्यपालिकाले नियुक्ति दिने निर्णय गरी सक्नु पर्नेछ।

---

♦ पहिलो संशोधनद्वारा संशोधित।

(घ) निर्णय भएको मितिले सात (७) दिन भित्र प्रमुख प्रशासकीय अधिकृतले नियुक्ति पत्र दिनु पर्नेछ।

(ङ) वैकल्पिक उम्मेदवारहरुले ६ महिनासम्म पनि नियुक्ति प्राप्त गर्न नसकेमा उक्त सूची स्वतः खारेज हुनेछ।

१३. **ज्येष्ठताक्रम कायम गर्ने** : (१) नगर प्रहरी निरीक्षक र नगर प्रहरी सहायक निरीक्षकको ज्येष्ठताक्रम कायम गर्दा निजहरुले आधारभूत तालिममा प्राप्त गरेको अङ्कको आधारमा कायम गरिनेछ।

(२) वहालवाला नगर प्रहरीको हकमा पदपूर्ति समितिले सिफारिस गरेको योग्यताक्रमलाई नै ज्येष्ठताक्रम मानिनेछ।

१४. **परीक्षणकालमा राखिने** : नयाँ नियुक्ति गरिएका नगर प्रहरी कर्मचारीलाई एक वर्षको परीक्षणकालमा राखिनेछ । सो अवधिमा नगर प्रहरी कर्मचारीले सन्तोषजनक काम नगरेमा नगर कार्यपालिकाको निर्णय बमोजिम प्रमुख प्रशासकीय अधिकृतले करार भंग गर्न सक्नेछन् ।

१५. **नियुक्ति सदर** : परीक्षण कालमा रहेको नगर प्रहरी कर्मचारीको काम सन्तोषजनक भएमा र आधारभूत तालिममा उत्तीर्ण भएमा नेपालको झण्डा सामु शपथग्रहण गराई प्रमुख प्रशासकीय अधिकृतबाट नियुक्ति सदर गरिनेछ।

♦१५क. **छनोट सम्बन्धी अन्य व्यवस्था** : छनोट सम्बन्धी अन्य व्यवस्था देहाय बमोजिम हुनेछः

(क) यस परिच्छेदमा जुनसुकै कुरा लेखिएको भए तापनि यस नगरपालिकामा कुनै पनि तरिकाबाट नगर सुरक्षाको काममा न्यूनतम १ वर्षदेखि खटिएका सुरक्षाकर्मी, गार्ड एवं कार्यालय सहयोगीलाई कार्यसम्पादन, उमेर, योग्यता र निजहरुको निवेदनको आधारमा पहिलो एक पटकलाई नगर सभाको निर्णयले करार सेवामा राखी दर्जा तोकी कार्य गराउन सकिनेछ।

(ख) खण्ड (क) का अलावा नेपाल प्रहरीबाट न्युनतम १५ वर्ष कार्य गरी सेवा निवृत्त भएको दर्जा सरहको पदमा नगर कार्यपालिकाको निर्णयले सेवा करारमा लिई नगर प्रहरीको इन्चार्जको जिम्मेवारी दिन सकिनेछ। यसरी सेवा करार गर्दा प्रहरी अधिकृत (प्र.नि., प्र.ना.नि. र प्र.स.नि.) पदमा बढीमा ५५ वर्ष नपुगेको सुरक्षाकर्मीलाई मात्र राख्न सकिनेछ।

---

♦ पहिलो संशोधनद्वारा थप ।

(ग) सुरक्षाकर्मीकारुपमा काम गरिरहेका व्यक्तिको उमेर बढीमा ५५ वर्ष र अन्य सेवाका कर्मचारीको उमेर बढीमा ४० वर्ष सम्म मात्र हुन सक्नेछ।

## परिच्छेद–५

## आचरण

१६. **दान, उपहार तथा चन्दा लिन नहुने** : (१) नगर प्रहरीले पूर्व स्वीकृति विना स्वदेशी तथा विदेशी संघ संस्था, निकाय वा व्यक्ति कसैबाट कुनै प्रकारको दान, बक्स, पुरस्कार, कोसेली र उपहार स्वीकार गर्नु हुँदैन।

(२) नगर प्रहरी कर्मचारीले नगरपालिकाको पूर्व स्वीकृति विना कुनै पनि कामको निमित्त कुनै किसिमको चन्दा माग्न अथवा स्वीकार गर्नु हुँदैन र अरु कुनै किसिमको आर्थिक सहायता प्राप्त गर्ने काममा समेत भाग लिन हुँदैन।

१७. **सम्पत्तिको विवरण पेश गर्नुपर्ने** : नगर प्रहरी कर्मचारीले नियुक्ति भएको मितिले तीन महिनाभित्र तोकिएको ढाँचामा सम्पत्ति विवरण दाखिला गर्नु पर्नेछ।

१८. **व्यापार व्यवसाय गर्न नहुने** : नगर प्रहरी कर्मचारीले कार्यालयको पूर्व स्वीकृति वेगर कुनै पनि व्यापार व्यवसाय गर्नु हुँदैन।

१९. **कर्तव्य पालनाको शिलशिलामा जानकारीमा आएका कुराहरु प्रकाशन गर्न नहुने** : नगर प्रहरी कर्मचारीले नगरपालिकाद्वारा अथवा विशेष रुपमा अख्तियार नपाई आफ्नो कर्तव्यको पालना गर्दा स्थानीय तह वा गैह्रसरकारी संघ संस्थाबाट प्राप्त गरेका वा आफैले लेखेको अथवा संकलन गरेको कुनै कागजपत्र वा समाचार प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट यस ऐन बमोजिमको अधिकार प्राप्त व्यक्ति बाहेक अन्य व्यक्ति वा संस्थालाई जानकारी गराउनु हुँदैन।

२०. **रेडियो वा पत्रिकासँग सम्पर्क राख्न नहुने** : नगर प्रहरी कर्मचारीले नगरपालिकाको अनुमति प्राप्त नगरी कुनै पत्रपत्रिकामा आफ्नै वास्तविक अथवा काल्पनिक नामबाट अथवा बेनामी कुनै लेख प्रकाशित गर्न अथवा रेडियोद्वारा प्रसारण गर्न हुँदैन। तर यस्तो प्रकाशन वा प्रशारण गर्न हुँदैन। तर यस्तो प्रकाशन वा प्रसारण साहित्यिक, कलात्मक, ऐतिहासिक अथवा वैज्ञानिक र व्यावसायिक विषयको भएमा यस्तो स्वीकृति लिईरहनु पर्दैन।

२१. **नगरपालिकाको आलोचना** : नगर प्रहरी कर्मचारीले नगरपालिकाको नीतिको विपरीत अथवा नगरपालिकामा आँच आउने गरी विचार व्यक्त गर्ने संवाद, लेख, रचना प्रकाशन गर्ने गर्नुहुँदैन ।

२२. **निर्वाचनमा भाग लिन नहुने** : नगर प्रहरी कर्मचारीले कुनै पनि राजनीतिक दलको निर्वाचनमा भाग लिन वा मत माग्न वा कुनै प्रकारले प्रभावमा पार्न हुँदैन । तर कसैलाई मत दिएको वा दिने विचार गरेको कुरा प्रकट नगरी प्रचलित कानुनबमोजिम आफ्नो मताधिकार प्रयोग गर्न बाधा पर्ने छैन ।

२३. **राजनीतिमा भाग लिन नहुने** : नगर प्रहरी कर्मचारीले कुनै राजनैतिक दल र सोसँग सम्बन्धित संस्थाको सदस्य बन्न, राजनीतिमा भाग लिन, राजनैतिक संस्थालाई चन्दा दिन अथवा कुनै राजनैतिक संस्था वा आन्दोलनलाई सहयोग गर्न हुँदैन ।

२४. **समय पालन र नियमितता** : नगर प्रहरी कर्मचारीले ठीक समयमा तथा नियमित रुपमा आफ्नो पालोमा हाँजिर हुनुपर्दछ र स्वीकृत गराएर मात्र विदामा बस्नुपर्नेछ ।

२५. **अनुशासन र आज्ञापालन** : (१) नगर प्रहरी कर्मचारीले अनुशासित भई तत्परताका साथ आफ्नो कर्तव्य पालना गर्नुपर्नेछ ।

(२) नगर प्रहरी कर्मचारीले आफ्नो कार्यालयको काम सम्बन्धी कुरामा आफूभन्दा माथिका अधिकृतले दिएको आदेशलाई पालना गर्नुपर्नेछ ।

(३) नगर प्रहरी कर्मचारीले एकात्मक आदेश (Chain of Command) मा रही कार्यसम्पादन गर्नुपर्नेछ ।

२६. **बाहिरी प्रभावमा पार्न नहुने** : नगर प्रहरी कर्मचारीले कार्यसम्पादनको सिलसिलामा कुनै अनुचित प्रभाव पार्न वा पार्ने प्रयत्न गर्न हुँदैन ।

२७. **विवाह** : नगर प्रहरी कर्मचारीले नेपाल सरकार विपरित हुने गरी विवाह गर्नु गराउनु हुँदैन ।

२८. **लैंगिक संवेदनशील हुनुपर्ने** : कुनै पनि नगर प्रहरी कर्मचारी लैंगिक संवेदनशील रहनुपर्नेछ ।

२९. **हातपात वा जोरजुलुम गर्न नहुने** : कुनै पनि नगर प्रहरी कर्मचारीले आफू भन्दा माथिल्लो वा मातहत नगर प्रहरी कर्मचारी उपर हातपात वा कुनै प्रकारको आक्रमण वा जोरजुलुम गर्न वा गराउन हुँदैन ।

## परिच्छेद–६

## सजाय र पुनरावलोकन

३०. **सजाय** : मनासिव माफिकको आधार प्रमाण भएमा नगर प्रहरी कर्मचारीलाई देहायको सजाय हुन सक्नेछ :-

(क) शारीरिक थकाई हुने (फटिक) सजाय गर्ने,

(ख) नसिहत दिने,

(ग) तलब वृद्धि वा पदोन्नति रोक्का गर्ने,

(घ) लापरबाहीको कारण नगरपालिकालाई हानि नोक्सानी भएको ठहर भएमा विगो बमोजिमको रकम असुल उपर गरिनेछ,

(ङ) एक तह तलको पदमा घटुवा गर्ने,

(च) भविष्यमा स्थानीय तहमा अयोग्य नठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने,

(छ) भविष्यमा स्थानीय तहमा अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने ।

३१. **नसिहत दिने वा प्रतिकूल राय लेख्ने** : नगर प्रहरी कर्मचारीले काममा साधारण लापरबाही गरेमा नसिहत दिन सकिनेछ । दुई पटकसम्म नसिहत दिंदा पनि निजले काममा लापरबाही गरेमा निजको चालचलन सम्बन्धी प्रतिवेदनमा प्रतिकूल राय लेखिनेछ ।

♦३२. ................................

३३. **दर्जा र तलब घटाउने** : कुनै नगर प्रहरी कर्मचारीलाई देहायको अवस्थामा सजाय दिने अधिकारीले तल्लो पद वा तल्लो टाइम स्केल वा त्यही टाइम स्केलको तल्लो स्केलमा ओराल्न सक्ने र नगरपालिकालाई हानि नोक्सानी पुऱ्याएकोमा सो समेत निजबाट भराउन सक्नेछ ।

(क) सन्तोषजनक काम नगरेमा,

(ख) अनुशासनहीन व्यवहार प्रदर्शन गरेमा,

(ग) आचरण उल्लंघन गरेमा,

(घ) मनासिव कारण नभई नियुक्ति भएको एक वर्षभित्रै नोकरीबाट अलग हुन कारण झुठ्ठा देखाएमा,

(ङ) आदेश निर्देशन पालना नगरेमा वा कार्यान्वयन नगरेमा,

---

♦ पहिलो संशोधनद्वारा झिकिएको ।

(च) मनासिव कारण नभई वा विदा स्वीकृत नगराई विदा बसेकोमा वा गैर हाजिर भएमा,

(छ) लापरबाही गरेमा वा नियम आदेशको पालना नगरेमा ।

३४. **सजाय सम्बन्धी कार्यविधि** : (१) नगर प्रहरी कर्मचारीलाई सजाय गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ ।

(२) सजाय गर्ने अधिकारीले आवश्यक ठानेमा स्वयं वा अन्य कुनै अधिकृतद्वारा जाँचबुझ गराउन सक्नेछ । जाँचबुझ गर्ने अधिकारीले आवश्यकतानुसार सम्बन्धित नगर प्रहरी कर्मचारी समेत बुझी कारण सहित आफ्नो ठहरको प्रतिवेदन तथा भएको सबुद प्रमाण दाखिला गर्नुपर्नेछ ।

(३) कुनै फौजदारी अभियोगमा पुर्पक्षको लागि थुनामा रहेको नगर प्रहरी कर्मचारी पुर्पक्षको अवधिभर स्वतः निलम्वित हुनेछ ।

(४) सजायको प्रक्रिया अवलम्बन गर्नु पूर्व नगर प्रहरी कर्मचारीलाई सफाइको मौका दिनुपर्ने छ ।

(५) फौजदारी अभियोग लागेको नगर प्रहरी कर्मचारीले अभियोगबाट सफाई पाएमा निजले पूर्ववतः सेवा सुविधा पाउने छ ।

३५. **सजायको आदेश जाँचबुझको लागि दिने** : काम समाप्त भएपछि सम्बन्धित नगर प्रहरी कर्मचारीलाई निजसँग स्पष्टीकरण मागिएको भए निजले तोकिएको समय भित्र स्पष्टीकरण नदिएमा वा निजले दिएको स्पष्टीकरण चित्त बुझ्दो नभएमा सजाय दिने अधिकारीले सजाय दिन सक्नेछ र सजाय आदेशको एक प्रति निजलाई उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद–७
## पोशाक

३६. **नगर प्रहरी पोशाक** : नगर प्रहरीको पोशाकको रंग, किसिम र अन्य विवरण कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

३७. **प्रारम्भिक पोशाक र सामान** : **प्रत्येक** नगर प्रहरी कर्मचारीलाई कार्यपालिकाले तोके बमोजिमको पोशाक र सामान उपलब्ध गराईनेछ।

३८. **जाडो मौसमका लागि दिइने पोशाक** : प्रत्येक नगर प्रहरी कर्मचारीलाई जाडो मौसमको लागि पोशाक कार्यालयले उपलब्ध गराउनेछ ।

३९. **सेरेमोनियल पोशाक** : अधिकृत कर्मचारीहरुलाई सेरेमोनियल पोशाकको लागि तोकिएको रकम उपलब्ध गराईनेछ ।

४०. **तयारी पोशाकको सुविधा** : नगर प्रहरी कर्मचारीलाई तोकिए बमोजिमको तयारी पोशाक उपलब्ध गराईनेछ ।

## परिच्छेद–८
## तलव, सेवा सुविधा, विदा र अवकाश

४१. **तलव स्केल तथा सेवा सुविधा** : (१) नगर प्रहरी कर्मचारीहरुको तलव स्केल तत् तत् पदमा नेपाल सरकारले तोके भन्दा नबढ्ने गरी कायम हुनेछ।

(२) नगर प्रहरी कर्मचारीहरुको अन्य सेवा सुविधा नगरकार्यपालिकाले तोके बमोजिम हुनेछ।

४२. **विदा** : (१) नगर प्रहरी कर्मचारीहरुले देहाय बमोजिको विदा पाउनेछन्।

(क) भैपरी/पर्व विदा
(ख) विरामी विदा
(ग) किरिया विदा
(घ) प्रसुती विदा
(ङ) प्रसुती स्याहार विदा

(२) उपदफा (१) बमोजिमको विदा नगर प्रहरी कर्मचारीले अधिकारको रुपमा दावी गर्न पाउने छैन।

(३) कामको अनुकुल हेरी विदा दिने अधिकारीले आफ्नो तजबीजबाट विदा दिन अथवा नदिन पनि सक्नेछ साथै आवश्यक परेमा विदामा बसेको नगर प्रहरी कर्मचारीलाई निजको स्वीकृत विदा रद्द गरी बोलाई काममा लगाउन सक्नेछ।

४३. **विदा नलिई घर बस्ने नगर प्रहरी कर्मचारीलाई सेवाबाट हटाउने** : (१) विदा स्वीकृत नगराई नगर प्रहरी कर्मचारी गैर हाजिर हुन पाउने छैन।

(२) उपदफा (१) को उल्लंघन गरी गैर हाजिर हुने नगर प्रहरी कर्मचारीलाई नगरपालिकाले सेवाबाट हटाउन सक्नेछ।

तर कारणबस विदा स्वीकृत गराउन नसकी विदा बसी पछि सो गैर हाजिर भएको अवधिको लागि विदाको निवेदन गरी सो विदा स्वीकृत भएमा यो दफा उल्लंघन गरेको मानिने छैन।

४४. **भैपरी/पर्व विदा** : (१) नगर प्रहरी कर्मचारीले प्रत्येक सालमा १२ दिनमा नबढाई भैपरी/पर्व विदा पाउनेछ।

(२) भैपरी/पर्व विदा साधारणत एक पटकमा २ दिनमा नबढाई लिन पाइनेछ।

(३) भैपरी/पर्व विदा स्वीकृत गराउन नभ्याएमा विदा बसेपछि स्वीकृत गराए पनि हुन्छ। तर सोको मैखिक जानकारी विदा स्वीकृत गराउने अधिकारीलाई दिनु पर्छ।

(४) भैपरी/पर्व विदा बसेका नगर प्रहरी कर्मचारीले पूरा तलब, भत्ता लगायत अन्य सुविधा पाउनेछ।

(५) भैपरी/पर्व विदा शनिवार वाहेक अरु विदाहरुसँग मिलाई लिन पाइने छैन।

(६) भैपरी/पर्व विदा संचित हुँदैन।

४५. **विरामी विदा** : (१) आफ्नो पदको कर्तव्य पालन गर्दा चोटपटक लाग्न गई वा विरामी भई अस्पतालमा भर्ना भई उपचार गराउँदा सम्बन्धित चिकित्सकले काम गर्न नसक्ने भनि गरेको सिफारिस बमोजिम लाग्ने दिन वाहेक प्रत्येक नगर प्रहरी कर्मचारीले प्रत्येक सालमा १२ दिनमा नबढाई विरामी विदा पाउनेछ।

(२) विरामी विदा साधारणत एक पटकमा सात दिनमा नबढाई लिन पाइनेछ। सात दिनभन्दा बढी अवधिको विरामी विदा माग गर्ने नगर प्रहरी कर्मचारीले स्वीकृत चिकित्सकको प्रमाणपत्र पेश गर्नुपर्नेछ । तर यस्तो प्रमाणपत्र पेश गर्न साधारणतया सम्भव छैन भने विदा दिने अधिकारीलाई विश्वास भएमा निजले सो व्यहोरा खुलाई प्रमाणपत्र पेश नगरी विदा दिन सक्नेछ।

(३) नगर प्रहरी कर्मचारीलाई बढीमा बाह्र दिनसम्मको पेश्की विदा दिन सकिनेछ।

(४) उपदफा (३) बमोजिम पेश्की विरामी विदा लिने नगर प्रहरी कर्मचारीको मृत्यु भएमा त्यसरी पेश्की लिएको विरामी विदा स्वतः मिनाहा हुनेछ।

(५) विरामी विदा बसेका नगर प्रहरी कर्मचारीले पूरा तलब, भत्ता लगायत अन्य सुविधा पाउनेछ।

(६) विरामी विदा संचित हुँदैन ।

(७) निलम्वनमा रहेको नगर प्रहरी कर्मचारीले सो अवधिभरको कुनै विरामी विदा, तलब, भत्ता लगायत अन्य सुविधा पाउने छैन । तर सफाई पाएमा निलम्वन अवधिको पुरा तलब, भत्ता लगायत अन्य सुविधा पाउनेछ।

४६. **किरिया विदा** : (१) नगर प्रहरी कर्मचारी आफै किरियामा बस्नु परेमा कुल धर्म अनुसार बढीमा १५ दिन किरिया विदा पाउनेछ। यस्तो विदा महिला नगर प्रहरी कर्मचारीको पतिले किरिया बस्नुपरेमा त्यस्तो महिला कर्मचारीलाई दिईनेछ।

(२) किरिया विदा बसेका नगर प्रहरी कर्मचारीले पूरा तलब, भत्ता लगायत अन्य सुविधा पाउनेछ।

४७. **प्रसूती विदा** : (१) महिला नगर प्रहरी कर्मचारी गर्भवती भएमा निजले सुत्केरीको अघिपछि गरी ६० दिन प्रसूती विदा पाउनेछ।

(२) प्रसूती विदा बसेका नगर प्रहरी कर्मचारीले पूरा तलब, भत्ता लगायत अन्य सुविधा पाउनेछ।

(३) प्रसूती विदा सेवा अवधिभर दुई पटक मात्र दिइनेछ।

४८. **प्रसूती स्याहार विदा** : (१) प्रसूती स्याहार विदा सेवा अवधिभर दुई पटक मात्र दिइनेछ।

(२) पुरुष नगर प्रहरी कर्मचारीको पत्नी सुत्केरी हुने भएमा त्यस्तो कर्मचारीले सुत्केरी हुनुभन्दा अघि वा पछि गरी पन्ध्र दिन प्रसूती स्याहार विदा लिन सक्नेछ। यो विदा सेवा अवधिभर दुई पटक मात्र दिइनेछ।

(३) प्रसूती स्याहार विदा बसेका नगर प्रहरी कर्मचारीले पूरा तलब, भत्ता लगायत अन्य सुविधा पाउनेछ।

४९. **सट्टा विदा** : कुनै पनि सार्वजनिक विदाको दिन ड्यूटी गर्ने नगर प्रहरी कर्मचारीलाई आलोपालो मिलाई सम्बन्धित कार्यालय प्रमुखले सट्टा विदा दिन सक्नेछ। तर यस्तो सट्टा विदा एकपटकमा सात दिनभन्दा बढी हुने छैन।

५०. **विदा माग गर्ने विधि** : (१) विदाको निकासाका निमित्त नगर प्रहरी कर्मचारीले आफूलाई चाहिएको विदाको अवधि र कारण खुलाई आफ्नो कार्यालय मार्फत विदा दिने अधिकारी समक्ष निवेदन पेश गर्नु पर्नेछ र विदा दिने अधिकारीले पनि विदा स्वीकृत वा अस्वीकृत भएको सूचना सो नगर प्रहरी कर्मचारीलाई दिनु पर्नेछ।

(२) देहायको अवस्थामा विदा दिने अधिकारीलाई चित्त बुझेमा निजले निवेदनको मिति भन्दा अघिको मितिबाट विदा स्वीकृत गर्न सक्नेछ।

(क) विदा दिने अधिकारीको पूर्व स्वीकृती लिन सम्भव थिएन भन्ने,

(ख) पूर्व स्वीकृती प्राप्तिको लागि निवेदकले सकभर प्रयास गरेको थियो भन्ने।

५१. **विदा दिने अधिकारी** : (१) देहायको विदा स्वीकृत गर्ने अधिकार देहायको अधिकारीलाई हुनेछ।

| **विदाको किसिम** | **विदा स्वीकृत गर्ने अधिकारी** |
|---|---|
| भैपरी आउने र पर्व विदा | नगर प्रहरी प्रमुख |
| विरामी विदा | प्रमुख प्रशासकीय अधिकृत |
| किरिया विदा | प्रमुख प्रशासकीय अधिकृत |
| प्रसूती/प्रसूती स्याहार विदा | प्रमुख प्रशासकीय अधिकृत |

(२) नगर प्रहरी प्रमुखलाई विदा चाहिएमा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत गर्नेछ।

५२. **सार्वजनिक विदा गाभिने** : भैपरी आउने र पर्व विदा वाहेक अरु कुनै प्रकारको विदा लिई बसेको नगर प्रहरी कर्मचारीले सो विदा भुक्तान हुँदा सार्वजनिक विदा पर्न गएमा र सार्वजनिक विदा पछि कार्यालयमा हाजिर नभएमा सो

सार्वजनिक विदाको अवधि पनि निज कर्मचारीले लिएको विदा वा सो विदा बाँकी नभएमा लिन पाउने अरु विदामा वसेको मानिनेछ।

५३. **कार्यालयमा अनुपस्थित हुने उपर कारवाही** : विदा नलिई कार्यालयमा अनुपस्थित हुने नगर प्रहरी कर्मचारीलाई गयल र तलवकट्टी गरी सेवाबाट हटाउन समेत सकिनेछ।

५४. **अनिवार्य अवकाश** : नगर प्रहरी कर्मचारीहरुको अवकाश ५८ वर्ष उमेर पुगेपछि ♦............... निजलाई सेवाबाट अवकाश दिइनेछ।

## परिच्छेद–९

## विविध

५५. **पुरस्कार तथा प्रोत्साहन** : नगर प्रहरी कर्मचारीहरुले कर्तव्य पालनको सिलसिलामा उल्लेखनीय प्रसंशनीय कार्य गरेमा त्यस्तो नगर प्रहरी कर्मचारीहरुलाई पुरस्कार तथा प्रोत्साहन स्वरुप रकम वा अन्य सुविधा उपलब्ध गराउन सकिनेछ।

५६. **दशै खर्च पाउने** : नगर प्रहरी कर्मचारीले खाईपाई आएको एक महिनाको तलब बराबरको रकम प्रत्येक वर्ष दशै खर्चको रुपमा पाउनेछ।

५७. **बाधा अड्काउ फुकाऊ** : नगर प्रहरी कर्मचारीहरुको सेवा, शर्त, सुविधा र सञ्चालन यस ऐनमा व्यवस्था भएकोमा यसै ऐन बमोजिम हुनेछ। यस ऐनमा व्यवस्था नभएका विषयहरुको हकमा कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ।

५८. **नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउने अधिकार** : यस ऐनको कार्यान्वयन गर्नको लागि कार्यपालिकाले आवश्यक नियम, निर्देशिका, कार्यविधि र आचारसंहिता बनाई लागू गर्न सक्नेछ।

५९. **ऐन संशोधन** : यस ऐनमा आवश्यक संशोधन नगरपालिकाको नगरसभाले गर्न सक्नेछ।

---

♦ पहिलो संशोधनद्वारा झिकिएको।

## अनुसूची-१

(दफा ९ (क) बमोजिम)

**नगर प्रहरी निरीक्षक पदको लागि आवश्यक न्यूनतम योग्यता**

(क) दरखास्त फारम दर्ता गर्ने अन्तिम मितिसम्म २० वर्ष उमेर पुगेको र २५ वर्ष ननाघेको । तर खुल्ला प्रतियोगितामा बहालवाला नगर प्रहरी पुरुषको हकमा ३५ वर्ष, महिलाको हकमा ४० वर्ष ननाघेको ।

(ख) मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातक वा सो सरह उत्तीर्ण गरेको ।

(ग) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।

(घ) कुनै राजनीतिक दल र सो दलको भातृ सदस्य नरहेको ।

(ङ) मानव अधिकार र मानवीय कानूनको उल्लंघनमा सजाय नपाएको ।

(च) पुरुषको हकमा घटीमा उचाई ५ फिट २ इन्च, छाती ३१-३३, तौल कम्तीमा ५० के.जी. भएको ।

(छ) महिलाको हकमा घटीमा उचाई ५ फिट र तौल कम्तीमा ४२ के.जी. भएको ।

(ज) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

(झ) नेपाल सरकारको सरकारी अस्पतालबाट निरोगिताको प्रमाणपत्र प्राप्त गरेको ।

(ञ) नेपाली नागरिकता प्रमाणपत्र भएको ।

(ट) विध्वंशात्मक कार्यमा संलग्न नरहेको ।

(ठ) भविष्यमा सामान्यतया सरकारी नोकरीको निमित्त अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त नभएको ।

(ड) अनुसूची-१ (क) मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकारको सुरक्षा निकायबाट समान पद वा माथिल्लो पदबाट सेवा निवृत्त भइसकेकाको हकमा ५० वर्ष उमेर ननाघेको हुनुपर्नेछ ।

## अनुसूची–२

(दफा ९ (ख) बमोजिम)

**<u>नगर प्रहरी सहायक निरीक्षक पदको लागि आवश्यक न्यूनतम योग्यता</u>** :

(क) दरखास्त फारम दर्ता गर्ने अन्तिम मितिसम्म १८ वर्ष उमेर पुगेको र २१ वर्ष ननाघेको । तर खुल्ला प्रतियोगितामा बहालवाला नगर प्रहरी पुरुषको हकमा ३५ वर्ष, महिलाको हकमा ४० वर्ष ननाघेको ।

(ख) मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा प्रमाणपत्र वा सो सरह उत्तीर्ण गरेको ।

(ग) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।

(घ) कुनै राजनैतिक दलको सदस्य नरहेको ।

(ङ) मानव अधिकार र मानवीय कानूनको उल्लंघनमा सजाय नपाएको ।

(च) पुरुषको हकमा घटीमा उचाई ५ फिट २ इन्च, छाती ३१-३३, तौलकम्तीमा ५० के.जी. भएको ।

(छ) महिलाको हकमा घटीमा उचाई ५ फिट र तौल कम्तीमा ४२ के.जी. भएको ।

(ज) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

(झ) नेपाल सरकारको सरकारी अस्पतालबाट निरोगिताको प्रमाणपत्र प्राप्त गरेको।

(ञ) नेपाली नागरिकता प्रमाणपत्र भएको ।

(ट) विध्वंशात्मक कार्यमा संलग्न नरहेको ।

(ठ) भविष्यमा सामान्यतया सरकारी नोकरीको निमित्त अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त नभएको ।

(ड) अनुसूची-२ (क) मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकारको सुरक्षा निकायबाट समान पद वा माथिल्लो पदबाट सेवा निवृत्त भइसकेकाको हकमा ४५ वर्ष उमेर ननाघेको हुनुपर्नेछ ।

## अनुसूची-३

(दफा ९ (ग) बमोजिम)

**नगर प्रहरी हवलदार पदको लागि आवश्यक न्यूनतम योग्यता :**

(क) दरखास्त फारम दर्ता गर्ने अन्तिम मितिसम्म १८ वर्ष उमेर पुगेको र २१ वर्ष ननाघेको । तर खुल्ला प्रतियोगितामा बहालवाला नगर प्रहरी पुरुषको हकमा ३५ वर्ष, महिलाको हकमा ४० वर्ष ननाघेको ।

(ख) कम्तीमा १० कक्षा वा सो सरह उत्तीर्ण गरेको ।

(ग) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।

(घ) कुनै राजनैतिक दलको सदस्य नरहेको ।

(ङ) मानव अधिकार र मानवीय कानूनको उल्लंघनमा सजाय नपाएको ।

(च) पुरुषको हकमा घटीमा उचाई ५ फिट २ इन्च, छाती ३१-३३, तौलकम्तीमा ५० के.जी. भएको ।

(छ) महिलाको हकमा घटीमा उचाई ५ फिट र तौल कम्तीमा ४२ के.जी. भएको ।

(ज) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

(झ) नेपाल सरकारको सरकारी अस्पतालबाट निरोगिताको प्रमाणपत्र प्राप्त गरेको ।

(ञ) नेपाली नागरिकता प्रमाणपत्र भएको ।

(ट) विध्वंशात्मक कार्यमा संलग्न नरहेको ।

(ठ) भविष्यमा सामान्यतया सरकारी नोकरीको निमित्त अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त नभएको ।

(ड) अनुसूची-३ (क) मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकारको सुरक्षा निकायबाट समान पद वा माथिल्लो पदबाट सेवा निवृत्त भइसकेकाको हकमा ४५ वर्ष उमेर ननाघेको हुनुपर्नेछ ।

## अनुसूची–४

(दफा ९ (घ) बमोजिम)

**नगर प्रहरी जवान पदको लागि आवश्यक न्यूनतम योग्यता :**

(क) दरखास्त फारम दर्ता गर्ने अन्तिम मितिसम्म १८ वर्ष उमेर पुगेको र २१ वर्ष ननाघेको।

(ख) कम्तीमा ८ कक्षा वा सो सरह उत्तीर्ण गरेको।

(ग) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको।

(घ) कुनै राजनैतिक दलको सदस्य नरहेको।

(ङ) मानव अधिकार र मानवीय कानूनको उल्लंघनमा सजाय नपाएको।

(च) पुरुषको हकमा घटीमा उचाई ५ फिट २ इन्च, छाती ३१-३३, तौलकम्तीमा ५० के.जी. भएको।

(छ) महिलाको हकमा घटीमा उचाई ५ फिट र तौल कम्तीमा ४२ के.जी. भएको।

(ज) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको।

(झ) नेपाल सरकारको सरकारी अस्पतालबाट निरोगिताको प्रमाणपत्र प्राप्त गरेको।

(ञ) नेपाली नागरिकता प्रमाणपत्र भएको।

(ट) विध्वंशात्मक कार्यमा संलग्न नरहेको।

(ठ) भविष्यमा सामान्यतया सरकारी नोकरीको निमित्त अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त नभएको।

(ड) अनुसूची-४ (क) मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकारको सुरक्षा निकायबाट समान पद वा माथिल्लो पदबाट सेवा निवृत्त भइसकेकाको हकमा ४५ वर्ष उमेर ननाघेको हुनुपर्नेछ।